# ५ अगमवक्ताले भोग्नुपरेका अझ बढी सङ्कष्टहरु

*यस अध्यायका मूल पदहरू:* यर्मिया २३:२४,१५, यर्मिया २०, प्रेरित २:३७, अय्युब ३, यर्मिया १८:१-१०,१८-२३।

*यस अध्यायको मूल सार पद:* "हे प्रभु, तपाईंले मलाई धोका दिनुभयो। म त धोकामा परें: तपाईं मभन्दा बलियो हुनुहुन्छ, र तपाईं अडिक हुनुभयो। तर मचाहीं दिनदिनै हाँसोको पात्र बनेको छु। सबैले मलाई जिस्क्याउँछन् वा हेपिएर बाण हान्छन्।" यर्मिया २०:७ रूपान्तरित।

**लामो समयसम्म** येशूलाई बिश्वास गरेर हिंड्ने र उहाँको इच्छा पालन गर्ने मानिसहरूको जीवन सधैं सजिलो र सुरक्षित हुन्छन् भन्ने अनुभव तिनीहरूले गरेका हुँदैनन्। येशूलाई बिश्वास गऱ्यो भन्दैमा सबै कुरा ठिक हुन्छ भन्ने ग्यारेन्टी छैन। हामीलाई यो भनिएको छ, "येशूमा रहेर भक्तको जीवन बिताउने चाहने सबैले सतावत खप्नुपर्नेछ।" (२ तिमोथी ३:१२)। यो तितो सत्यलाई यर्मियाले आफैले भोग्न सिकिरहेका थिए।

फेरि त्यसै वखत जब हामी अनेकौं संकष्टमा गुज्रिरहेका हुन्छौं यदि हामीमा परमेश्वरप्रति अगाढ र अटल आस्था तथा विश्वास छ भने हामीले भोगीरहेका संघर्षलाई फराकिलो तरिकाले हेर्नेछौं र हाम्रो जीवनलाई सजिलैसँग ढल्न दिंदैनौं। त्यसको अर्थ जब हामी अनुचित र अन्यायको चपेटामा पर्दा तब हामीहरूको जीवन अनर्थ भएको र यस संसारमा जिउनुको उद्देष्य बेकार छ भन्ने उदासिन मनस्थितिमा पर्नेछैनौं जुन परमेश्वरलाई नचिन्ने र विश्वास नगर्नेहरू सजिलैसँग त्यस उदासिन परिस्थितिमा फसिरहेको पाइन्छ।

अनेकौं प्रतिकूल परिस्थितिको सामना गर्नुपर्दा त्यसलाई हामीले जीवनको ठूलो चित्रको एक भागमात्र भएको हामी महसुस गर्नेछौं र जे भएतापनि परमेश्वरले हामीप्रति फैलाउनुभएको आशाबाट बिचलित हुनेछैनौं। बर्तमान बिस्मय परिस्थितिमा परमेश्वरप्रतिको ज्ञानले हामीमा बल मिल्न सक्छ। बेला बेलामा आफ्नो कष्टमा आँखा गाडिन पुग्दा परमेश्वरको भलाईको बारेमा बिर्सेतापनि उहाँको बृहत योजनाको बारेमा यर्मियालाई थाहा थियो।

## १. परमप्रभु परमेश्वरतर्फ बिश्वास तथा भर नपरेका पुजारी र अगमवक्ताहरू

ऐतिहासिक परिप्रेक्ष्यमा हामी यहूदाबाट धेरै टाढा छौं। त्यतिमात्र होइन, सामाजिक र सांकृतिक परिवेशमा पनि हामी यर्मियाको समयकालभन्दा अलगै छौं जसले गर्दा उनको समयमा के भइरहेको थियो सो बुझ्न हामीलाई सजिलो छैन। यहूदाका मानिसहरूको बिरुद्धमा परमेश्वरले उच्चारण गर्नुभएको कठोर श्राप, चेतावनी र धम्किलाई बाइबलमा लेखिएको अनुसार सरसरती पढ्दा उहाँ कस्तो झरङ्ग रिसाहा, खस्रो तथा असमझदारी र प्रतिशोधको भावनाले ग्रस्त हुनुभएको परमेश्वर रहेछ भनेर हामी ठान्दछौं। तर बाइबललाई हल्का रूपमा पढ्दा परमेश्वरको बारेमा अबुझ, अपुग वा गलत ज्ञान पाउने तरिका मात्र हो। तर पुरानो कराररले परमेश्वरको बारेमा जे प्रकट गरिएको थियो नयाँ कराररले पनि त्यही देखाएको पाइन्छः सम्पूर्ण मानव जगतलाई परमेश्वरले अति माया गर्नुहुन्छ र तिनीहरूले मुक्ति पाउन् भन्ने उहाँको चाहना हो तर कसैको व्यक्तिगत आत्मनिर्णयको खिलाफमा उहाँले जबरजस्ती कसैलाई पनि स्वर्गमा धकेल्नुहुन्न। हामीहरूको गलत जीवनलाई परिवर्तन गरि असल जीवन बिताइयोस भनेर परमेश्वरले गर्नुभएको आह्वानलाई हामीले लत्याउन चाह्यौं भने त्यो बाटो अपनाउने स्वतन्त्रता उहाँले

हामीलाई दिनुभएको छ। तर पाप तथा अधर्मको जीवनले हामीले पाउने नतिजा र अग्रिम चेतावनीलाई वेवास्ता गर्नुहुन्न भनेर हामीले सम्झनै पर्छ।

केही कस्ता कस्ता दुष्ट तथा अधर्मी क्रियाकलापहरूमा यहूदाका मानिसहरू फसिरहेका थिए र तिनीहरूलाई सम्हाल्न परमेश्वरले प्रयास गरिरहनुभएको थियो? दुष्ट कामहरूलाई पोसाउँदै लैजाँदा तिनीहरूको नतिजा कस्तो खराब हुनेछ भनेर यर्मियाले गरेका केही भविष्यवाणीहरू कस्ता थिए? हेर्नुहोस्: "१४ यरूशलेमका अगमवक्ताहरूमा चाहिँ मैले केही अति घिनलाग्दो कुरा देखेको छु। तिनीहरू व्यभिचार गर्दछन्, र झूटो चालमा चल्छन्। खराब गर्नेहरूका हात यिनीहरू बलिया पार्दछन्। यसैले कोही पनि आफ्नो दुष्टतादेखि फर्कंदैन। तिनीहरू सबै मेरो निम्ति सदोमझैं, यरूशलेमका मानिसहरूचाहिँ गमोराझैं छन्।" १५ यसकारण ती अगमवक्ताहरूका विषयमा सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः "म तिनीहरूलाई ऐरेलु खुवाउनेछु, र विष हालेको पानी तिनीहरूलाई पिउन दिनेछु, किनभने यरूशलेमका अगमवक्ताहरूबाटै देशभरि ईश्वरहीनता फैलिएको छ!" यर्मिया २३:१४-१५, "२६ "मेरा प्रजाका बीचमा दुष्ट मानिसहरू छन्। पन्क्षी का शिकारीहरूजस्तै तिनीहरू ढुकिबस्छन्। मानिसहरूलाई पक्रन तिनीहरू पासो थाप्छन्। २७ चराहरूले भरिएका पिँजराझैं तिनीहरूका घरहरू छलले भरिएका छन्। तिनीहरू धनी र शक्तिशाली भएका छन्। २८ तिनीहरू मोटाएर चिल्ला-चिल्ला भएका छन्। तिनीहरूका दुष्ट कामको सीमा छैन। टुहुरा-टुहुरीहरूको भलाइ होस् भनी तिनीहरू तिनको न्याय गरिदिँदैनन्। तिनीहरू दरिद्रहरूका हकको रक्षा गर्दैनन्। २९ के यसको निम्ति म तिनीहरूलाई दण्ड नदिऊँ? अनि के यस्तो जातिमाथि म साटो नलिऊँ?" परमप्रभु भन्नुहुन्छ। ३० "यस देशमा डरलाग्दो र बीभत्स काम भएको छ। ३१ अगमवक्ताहरू झूट अगमवाणी

कहन्छन्। पूजाहारीहरू आफ्नै अधिकारले शासन गर्छन्। अनि मेरा प्रजाचाहिँ यस्तै हुन रुचाउँछन्। तर आखिरमा तिमीहरू के गर्नेछौ?" यर्मिया ५:२६-३१।

आफ्ना जनहरू कस्तो भ्रष्ट परिस्थितिमा पर्न रुचाए भनेर परमेश्वरले यहाँ प्रस्तुत गर्नुभएको शोक गाथा केवल सानो उदाहरणमात्र हो। पुजारी तथा पण्डितहरू र अगमवक्ताहरू दुवै नास्तिक तथा ईश्वरहीन हुनपुगेका थिए। पुजारीहरू परमेश्वरका प्रतिनिधिहरू हुनुपर्नेमा र अगमवक्ता तथा धर्मशास्त्रका पण्डितहरू परमेश्वरका मुखपत्रहरू हुनुपर्नेमा कसरी भ्रस्त र पतित हुन पुगेछ भनेर सोच्न पनि नसिकिने अवस्था थियो। र यर्मियाले सामना गर्नुपरेका अनेकौं समस्या तथा कष्टहरूमा ती केवल सुरूमात्र थिए।

उपरोक्त पदहरूमा प्रस्तुत गरेका खराब चरित्रहरू विभिन्न खालका छन्। धार्मिक गुरू तथा अगुवाहरू मानिसहरूको सामु ढोंगी बनेर परमेश्वरलाई त्याग्ने, आफूहरूमात्र होइन तिनीहरूले अरूहरूलाई पनि दुष्ट काम गर्न उक्साउने नीतिलाई अबलम्बन गरेका थिए ताकी कोही पनि आफ्नो दुष्ट आचरणबाट फर्किएर असल होस् (यर्मिया २३:१४)। परमेश्वरको इन्साफको बारेमा चेतावनी पाएतापि उहाँले केही गर्नुहुन्न भनेर अगमवक्ताहरूले मानिसहरूलाई विश्वस्त बनाएका थिए। परमेश्वरबाट टाढा भएतापनि टुहुराको स्याहार र गरिबहरूको पक्षमा बोल्नुपर्ने उहाँको आह्वानलाई ती इस्राएलका मानिसहरूले बिर्सेका थिए (यर्मिया ५:२९)। परमेश्वरको साक्षी बन्नुपर्ने राष्ट्र हरतरहबाट उहाँको सामु पतित बनेका थिए।

बाइबल भरि र विशेष गरेर पुरानो करारमा भविष्यवाणी गरेका पुस्तकहरूले परमेश्वरबाट टाढा गएकाहरू फर्कन उहाँले चाहिरहेको लेखा राखेका छन्। त्यसको अर्थ, मानिसहरू जतिसुकै दुष्ट काम गरेतापनि, पतित हुन पुगेकातापनि परमेश्वरले आफ्नो

सदाशयता देखाएर क्षमा दिन, निको पार्न र पुनर्स्थापना गर्न चाहिरहनुहुन्छ। यदि मानिसहरूले परमेश्वरको आवाजलाई लत्याइरहेभने त्यसको लागि भोग्नुपर्ने नतिजामा उहाँले गर्ने के त?

## २. काठको ठिङ्गुरोमा यर्मिया

परमेश्वरका अगमवक्ता वा उहाँको सन्देश सुनाउनेहरूको कामै उहाँले दिनुभएको सन्देश मानिसहरूलाई सुनाउने हो। तिनीहरू परमेश्वरका आवाज हुन् तर साधन होइन अर्थात कति जनाले सुने वा सुनेन् भनेर गिन्ति गर्ने काम तिनीहरूको होइन। प्रायजसो अगमवक्ता वा परमेश्वरका सन्देशवाहकहरूले सुनाएका वचनहरूलाई तिनीहरूको समयमा ग्रहण गर्नेहरू थोरैमात्र हुन्छन्। त्यसको ज्वलन्त उदाहरण नोहालाई लिन सक्छौं। उनले प्रचार गर्ने समयमा संसारको जनसंख्या हामीहरूलाई थाहा नपाएतापनि उनको बवनलाई अधिकांस मानिसहरूले वास्ता नगरेको पाइन्छ। किनभने तुलनात्मक रूपमा हेर्दा हामी यो निश्कर्ष निकाल्न सक्छौं कि जहाजमा नपस्ने मानिसहरूको तुलनामा जहाजमा पस्नेहरू थोरै थिए। बाइबलमा लेखिएको समस्त धार्मिक इतिहासमा त्यस खालको ढाँचा संस्कारै भएको पाइएको देखिएको छ।

जब यर्मियाले परमेश्वरको वचन मानिसहरूलाई सुनाए मानिसहरूको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस् यर्मिया २०:१-६ "१ यर्मियाले यी कुराहरूको अगमवाणी गरिरहेका जब परमप्रभुको मन्दिरका मुख्य अधिकृत इम्मेरका छोरा पूजाहारी पशहूरले सुने, २ तब पशहूरले यर्मिया अगमवक्तालाई पिट्न लगाए र परमप्रभुको मन्दिरमा बेन्यामीनको माथिल्लो ढोकामा भएको ठिँगुरोमा हालिदिए। ३ भोलिपल्ट जब पशहूरले यर्मियालाई ठिँगुरोबाट निकाले तब यर्मियाले तिनलाई भने, "परमप्रभुले तिम्रो नाउँ पशहूर होइन, तर मागोर-मिस्साबीब (चारैतिर त्रास भएको) राख्नुभएको छ। ४ किनकि परमप्रभु यसो भन्नुहुन्छः 'तिमीलाई तिम्रो आफ्नै निम्ति र तिम्रा सबै मित्रहरूका निम्ति म एक त्रासको पात्र

तुल्याउनेछु। तिनीहरू आफ्ना शत्रुहरूका तरवारले तिम्रै आँखाका सामुन्ने मारिनेछन्। म यहूदालाई बेबिलोनको राजाको हातमा सुम्पिदिनेछु, जसले तिनीहरूलाई कैद गरेर बेबिलोनमा लैजानेछ, अथवा तिनीहरूलाई तरवारले मार्नेछ। ५ म यस सहरका सबै धन-सम्पत्ति तिनीहरूका शत्रुहरूका हातमा दिनेछु– त्यसका सबै उत्पादन, त्यसका सबै बहुमूल्य वस्तुहरू र यहूदाका राजाहरूका सारा धन-दौलत। उनीहरूले ती सबै लूट्का माल स्वरुप बेबिलोनमा लानेछन्। ६ अनि हे पशहूर, तिमी र तिम्रो घरमा बस्ने सबै कैदी भएर बेबिलोनमा निर्वासित हुनेछन्, तिमी र तिम्रा सब मित्रहरू, जसलाई तिमीले झूटा अगमवाणी बोलेका थियो, सबै मर्नेछौ र त्यहीँ गाड़िनेछौ।"

यर्मियाले परमेश्वरका के के भविष्यवाणीहरू मानिसहरूलाई सुनाए जसले गर्दा उनले त्यस उच्च पदाधिकारीबाट सतावतको सामना गर्नु पर्‍यो भन्ने कुरा बुझ्न यर्मिया १९ अध्याय पूरै पढ्नुपर्छ। तैपनि उनले गरेका भविष्यवाणीका केही अंशहरू यस प्रकारका छन्ः परमेश्वरले यस सस्थानमा दुष्ट कुराहरूलाई ल्याउन दिनुहुनेछन् (यर्मिया १९ः३), उहाँले ती मानिसहरूलाई तरवारले हत्या गर्न दिनुहुनेछ र तिनीहरूका शरिरलाई चरा र पशुहरूलाई ख्वाउन दिनुहुनेछ (यर्मिया १९ः७) र त्यतिमात्र होइन मानिसहरूले एक आर्काका मासु खाएर नरभक्षी हुन दिनेछन् (यर्मिया १९ः७)।

यस्ता मानिसको मनलाई भयाभव भविष्यवाणी सुन्न कोही नचाहने स्वभाविकै हो तर देशको एक उच्च पदाधिकारी भएको हैशियतले बिशेष गरेर पाशुर रुष्ट हुनु उसको अधिकार भएको थियो भनेपनि हुन्छ। अरू मानिसहरू जस्तै उसको सुरूको प्रतिक्रिया यर्मियाको सन्देशलाई अश्वीकार गरेका थिए। आफूहरूमाथि बिपत्ती आउने जस्ता त्रसित सन्देश कस्ले सुन्न चाहन्छ र? पाशुरले आफूले पाएको अधिकारलाई उपयोग गरेर

परमेश्वरको सन्देशवाहकलाई सजायँ दिनु गलत थियो। त्यसबेलाको चलन अनुसार पाशुरले यर्मियालाई पिटन लगाए (व्यवस्था २५:१-३)। अर्को दिन यर्मिया झ्यालखानाबाट छुटे तर उनले आफूले पाएको बेइज्जत र पिडा सहन सकेन र उनले यहूदा अर्थात् इस्राएलमाथि पात्र होइन पाशुर र उनको परिवारकै बिरूद्धमा निरन्तर रूपमा भविष्यवाणी गरिरहे। केही समयपछि नै पाशुर र उनको परिवारले यर्मियाले भनेकै अनुसार दुर्गती खप्नु परेको थियो। तिनीहरूलाई बिदेशी शत्रुहरूले युद्धबन्दी बनाएर सिक्रीमा बाँधेर लगेका थिए। परमेश्वरको वचन नसुन्ने र उहाँका पवित्र जन तथा सन्देश सुनाउनेहरूलाई कष्ट दिनेहरूको गती कस्तो हुनेरहेछ भन्ने भयानक उदाहरणलाई कसैले पनि पन्छाउनुहुँदैन। बेबिलोन अर्थात् आधुनिक इराकलाई पलाएन हुने देश भनेर पहिलो पल्ट यहीं उल्लेख गरेको हामी पाउँछौं। (यर्मियाको पुस्तकका अध्याय तथा अध्यायमा उल्लेखित अंशहरू क्रमवद्ध रूपमा लेखिएको छैन)।

**तपाईंको बिरुद्धमा कसैले बोलेको कुरा तपाईं आफूले नै सुन्नुभएको भए तपाईंको प्रतिक्रिया कस्तो हुने थियो होला? सोच्नुहोस्। परमेश्वरको वचन सुनेर कस्तो प्रतिक्रिया हुनुपर्नेमा तपाईंबाट के हुन जानेथियो? सोच्नुहोस्। यस सन्दर्भमा प्रेरित २:३७लाई सम्झनुहोस् "३७ यो कुरा सुनेर तिनीहरूको हृदय छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, "ए भाइ हो, हामीले के गर्ने? "**

## ३. यर्मियाको हाडभित्र जलिरहेको अग्नीको ज्वाला

यर्मियाले पाशुर र राष्ट्रको निम्ति बोलेका आघात पार्ने कठोर, रुखो बचन आफ्नो थिएन। उनलाई ठिङ्ग्रोमा राखेर थुनिएको कारण अत्यन्त आपत्ती जनाएर रीसले चुर भएर बोलेका बचन थिएनन्। तर ती वचनहरू परमेश्वरको आफ्नै थियो जुन

मानिसहरूको सामु तिनीहरूको भविष्यलाई उदाङ्ग पार्दै बोलेका थिए।

तर त्यसपछि यर्मियाले जे बोले त्यो उनको आफ्नो सिधा हृदयबाट नै बोलेका थिए। त्यसलाई पवित्र आत्माको प्रेरणाद्वारा लेखिएका थिए। यर्मियाले व्यक्त गरेका करुण चित्कार मानव भित्र भएको आवाज थियो। आफूलाई मन नपर्ने प्रतिकुल परिस्थितिमा आफू परेकोले यर्मियाले आफूमा भएको पिडा व्यक्त गरेका थिए।

**यर्मिया २०:७-१४मा यर्मियाले के भनिरहेका छन्, पढ्नुहोस्। उनको र हामीहरूको आफ्नै मानवता तथा मानव भावना वा मनस्थितिलाई ती पदहरूले कसरी व्यक्त गरेका छन्? हेर्नुहोस्ः "७ हे परमप्रभु, तपाईंले मलाई धोका दिनुभयो, र मैले धोका खाएँ। तपाईंले मलाई जित्नुभयो र तपाईं ममाथि विजयी हुनुभयो। दिनभरि नै म हाँसोको पात्र बनें, सबले मलाई ठट्टा गर्छन्। ८ जब-जब म बोल्छु, तब-तब साह्रो सोरले कराएर "उपद्रव र सर्वनाश भयो" भनी म घोषणा गर्छु। यसैले परमप्रभुको वचनले दिनभरि नै मलाई निन्दा र खिसी ल्याएको छ। ९ तर "म उहाँको चर्चा गर्नेछैनँ, म फेरि कहिल्यै उहाँको नाउँमा बोल्नेछैनँ" भनी यदि म भन्छु भने उहाँको वचन मेरो हृदयमा जलिरहेको र मेरा हड्डीहरूमा थुनिराखेको आगोजस्तो हुन्छ। त्यसलाई भित्र रोकिराख्दा म थकित हुन्छु, साँच्चै म त्यो थाम्नै सक्दिनँ। १० धेरैले कानेखुसी गरेका म सुन्दछु, "त्रास चारैतिर छ! त्यसको खबर गरौं! त्यसको विरुद्धमा खबर गरौं।" मेरा सबै मित्रहरू यसो भन्दै मेरो पतन पर्खिरहेछन्, "शायद त्यसले धोका खान्छ होला, र हामी त्यसमाथि विजयी भएर साटो फेर्न सक्छौं।" ११ तर परमप्रभु एक शक्तिशाली योद्धाझैं मसित हुनुहुन्छ, यसैले मलाई सताउनेहरू ठेस खाएर लोट्नेछन्। तिनीहरू ममाथि विजयी हुनेछैनन्। तिनीहरू सफल हुनेछैनन्, र तिनीहरू साह्रै लाजमा पर्नेछन्।**

तिनीहरूको अनादर कहिल्यै बिर्सिइनेछैन। १२ हे सर्वशक्तिमान् परमप्रभु, जसले धर्मात्माहरूको जाँच गर्नुहुन्छ, जसले हृदय र मन खोतल्नुहुन्छ, तपाईंले तिनीहरूलाई बदला लिनुभएको म हेर्न पाऊँ, किनभने मैले मेरो मुद्दा तपाईंलाई नै सुम्पिदिएको छु।

१३ परमप्रभुलाई स्तुति चढ़ाओ! परमप्रभुको प्रशंसा गर! उहाँले दरिद्रहरूको प्राणलाई दुष्टहरूका हातदेखि छुटाउनुहुन्छ।१४ म जन्मेको दिन श्रापित होस्! मेरी आमाले मलाई जन्म दिएको दिन आशिषित नहोस्।"

झट्ट हेर्दा परमेश्वरप्रति क्रोधित भएर यर्मियाले व्यक्त गरेका भावनाहरू ईश्वर निन्दा जस्तो देखिन्छ। परमेश्वरले अगाडि नै चेतावनी दिनुभएको थियो कि उहाँको निम्ति बोल्दा उनले ठूलो प्रतिरोध तथा प्रतिकारको सामना गर्नुपर्नेछ। तर परमेश्वरले सतर्क गराउनुभएकै अनुसार यर्मियाले कष्टको सामना गर्नुपर्दा परमेश्वरले उनलाई धोका दिनुभयो भनेर उहाँको घोर बिरोध गर्दछन्। परमेश्वरमा आफ्नो दुखेसो वा गुनासो यसरी पोखाउँछन् "जब म बोल्छु तब मेरो बोलीबाट हिंसा र ध्वँसात्मक वचनहरूमात्र निस्कन्छन्। त्यसैले गर्दा मानिसहरू मेरो विरुद्धमा उठ्दछन्।"

**यर्मिया २०:९मा अत्यन्त निर्णायक तर महत्त्वपूर्ण र प्रत्येक मानिसको हृदय खोतल्ने वचन व्यक्त गरेकोलाई हामीले के भन्ने? हेर्नुहोस् "९ तर "म उहाँको चर्चा गर्नेछैनँ, म फेरि कहिल्यै उहाँको नाउँमा बोल्नेछैनँ" भनी यदि म भन्छु भने उहाँको वचन मेरो हृदयमा जलिरहेको र मेरा हड्डीहरूमा थुनिराखेको आगोजस्तो हुन्छ। त्यसलाई भित्र रोकिराख्दा म थकित हुन्छु, साँच्चै म त्यो थाम्नै सक्दिनँ।"**

जब परमेश्वरको वचन मानिसहरूलाई सुनाउँथे तब यर्मियाले त्यसको प्रतिरोधको सामना गर्नुपर्दा "अब बोल्दै बोल्दिन। म परमेश्वरको निम्ति प्रचारै गर्दिंन। म चुपचाप

बस्छु।" भन्दा उहाँको वचन त उनको हृदयमा आगोको ज्वाला जस्तै बलिरहेको थियो। उनका हाडहरूमा परमेश्वरको वचन दनदनती जलिरहेको आगोको ज्वाला जस्तै भइरहेको थियो। यर्मियाले व्यक्त गरेका आगोको प्रतिक अत्यन्त शक्तिशाली छ। जुनसुकै व्यक्तिगत पिडा भोग्नु परेतापनि परमेश्वरको वचनलाई लुकाइ नराख्ने प्रण उहाँले बोलाउनुभएको भक्तको हुनुपर्छ (दुर्भाग्यवस परमेश्वरले बोलाउनुभएको वा नियुक्ति गर्नुभएकोले उहाँको प्रचारक हुँ भन्ने आत्मविश्वास नहुँदा कति प्रचारकले "मलाई मिसनले खटाएको र मिसनमा काम गरेको" भनि मिसनमुखी भएर काम गर्दछन् र अवकास भएपछि मिसनको वन्धनबाट आफू मुक्त भएर मिसनको क्रियाकलापलाई सहयोग नगर्ने नीति लिएको पाइन्छ-अनुवादकको टिप्पणी)।

(उपरोक्त सन्दर्भमा आमोस ३:७,८ र १ कोरन्थी ९:१६मा व्यक्त गरेका भावनाहरूलाई पढे उपयुक्त देखिन्छः "७ निश्चय नै परमप्रभु परमेश्वरले आफ्ना दास, अगमवक्ताहरूलाई आफ्नो रहस्य प्रकट नगरीकन केही गर्नुहुन्न। ८ सिंह गर्जेको छ, को डराउँदैन? परमेश्वर बोल्नुभएको छ, कसले अगमवाणी नबोली छोड्दैन र?" र "१६ किनकि यदि मैले सुसमाचार प्रचार गरें भने त्यसमा मैले घमण्ड गर्ने केही कारण छैन। प्रचार गर्न म बाध्य छु। सुसमाचार प्रचार गरिनँ भने मलाई धिक्कार छ।")

यर्मियाले व्यक्त गरेका भावनाहरूले उनी कस्तो संघर्षको सामना गरिरहेका थिए भनेर देखाउँदछन्। उनको भित्र र बाहिर महान् अन्तरद्वन्ध कसरी चर्किरहेका रहेको थियो भनेर उदाङ्ग पार्दछ। आवश्यकता परेकाहरूलाई दुष्टबाट उद्धार गर्नुभएकोले परमेश्वरको प्रशंसा एक क्षणमा गर्दछन् भने अर्को क्षणमा आफू जन्मेको दिनलाई उनले श्राप दिंछन्।

अत्यन्त प्रतिकुल तथा पिडादायी परिस्थितिमा हाम्रो जीवन कसमा समर्पित गर्ने? परमेश्वरको स्तुती र हामीहरूको जीवनभरी उहाँले देखाउनुभएको प्रेमको ध्यान गर्ने कि उहाँप्रति क्रोधित हुने?

## ४. "म जन्मेको दिन श्रापित होस्"

बाइबलका जतिसुकै कठोर आलोचकहरूले एउटा कुरालाई स्वीकार गर्नैपर्छः मानव कमजोरी, अवगुण र दुर्वलतालाई बाइबलले धाक्दैन। निष्कलङ्क र पापरहित परमेश्वरको पुत्रको बाहेक कतिपय बाइबलका पात्रहरूको कमजोरी र दोषहरूलाई बाइबलले नलुकाई भन्डाफोर गरेको पाइन्छ। परमेश्वरका सर्वसाधारण विश्वासीहरूको मात्र नभएर अगमवक्ता तथा उहाँका प्रिय पात्रहरूको पनि तिनीहरूको मानव कमजोरीलाई बाइबलले उघारेको पाइन्छ। ती अगमवक्ताहरूले सेवा गरेका परमेश्वर सिद्ध हुनुहुन्थ्यो तर परमेश्वरका ती मानव पात्रहरू सिद्ध थिएनन्। तिनीहरू हामीहरू जस्तै थिए जो ख्रीष्टको धार्मिकताको आवश्यक भएका पापीहरू जसले विश्वासबाट मात्र प्राप्त गर्दछन् (रोमी ३ः२२)। नोहाको पालादेखि पत्रुस र त्यसपछि र अहिलेका प्रत्येक मानिस पापको खोट लागेकोछ र हामीहरूको आशा एलेन जी ह्वाइटले भन्नुभएको अनुसार परमेश्वरकहाँ यसरी हामी जानुपर्छ "ममा कुनै यस्तो गुण वा असल धर्मकर्म छैन जसले गर्दा मैले मुक्तिको दावी गर्नसक्छु। तर मेरो निम्ति क्षमा बलि हुनुभएको परमेश्वरको निष्खोट थुमाको सामु म उपस्थित हुन्छु। उहाँले नै यस संसारमा भएका पापहरूबाट मलाई उद्धार गर्नुहुनेछ। मेरो बिन्ति यो मात्रै छ। येशूख्रीष्टको नाउँले गर्दा म परमपिता परमेश्वरको सामु उभिन सक्छु। मेरो अलिकति मधुरो अन्तरविन्ति सुन्न उहाँको कान, उहाँको हृदय जहिले पनि खुला हुन्छन्। मेरा अति आवश्यकताहरू उहाँले नै मलाई पुऱ्याउनुहुनेछ।"- फेथ डाट वर्कस्, पृ. १०६बाट रूपान्तरित।

आफ्नो व्यक्तिगत अनुभवले गर्दा अगमवक्ता यर्मियाको मनस्थिति कस्तो नकारात्मक अवस्थामा थियो भनेर यर्मिया २०:१४-१८मा कसरी बताउँछन्? हेर्नुहोस् "१४ म जन्मेको दिन श्रापित होस्! मेरी आमाले मलाई जन्म दिएको दिन आशिषित नहोस्। १५ त्यो मानिस श्रापित होस्, जसले मेरा बाबुलाई यो समाचार दियो, "तिम्रो एउटा बालक, अर्थात् छोरो जन्म्यो," र तिनलाई खुशी तुल्यायो। १६ त्यो मानिस ती नगरहरूजस्तो होस्, जसलाई परमप्रभुले दयाविना सर्वनाश गर्नुभयो। त्यसले बिहान रुवाबासी, र मध्यदिनमा युद्धको ध्वनि सुन्नुपरोस्, १७ किनभने त्यसले मलाई गर्भैमा मारेन, नत्रता मेरी आमा नै मेरो चिहान हुनेथिइन्, र तिनको गर्भ सधैंभरि विस्तृत भइरहनेथियो। १८ दुःख र अफसोस हेर्न र मेरो जीवनका दिन लाजमा बिताउनलाई म किन गर्भबाट निस्केछु?"

यर्मियाले ब्यक्त गरेका पिडादायी भावनाहरूले अय्युबको परिस्थितिलाई याद दिलाउँछ जो यर्मियाको भन्दा दुर्गती थियो (हेर्नुहोस् अय्युब ३)। उनले उठाएका आवाजहरू परमेश्वरकै इच्छामुताविक भएको थियो भनेर उनलाई यकिन भएतापनि र जुनसुकै परिस्थितिमा परमेश्वर उनको साथमा हुनेछ भन्ने कबूल उनले पाएतापनि जब बर्तमान परिस्थितिमा उनले कष्ट र पिडा भोग्नु पर्दा ती पिडा र कष्टले उनलाई निलेको देखिन्छ। सत्यको बारेमा उनको बौद्धिक ज्ञान जे भएतापनि त्यस सत्यलाई उनको करुण र पिडाले छोप्न पुगेको थियो।

प्रभुलाई विश्वास गर्छु भन्ने उहाँका भक्तहरूले पनि कतिपय समयमा त्यस्तै परिस्थितिको सामना गर्नुपर्ने हुन्छ। तिनीहरू बाइबल र बाइबलमा भएका अनेकन् प्रतिज्ञाहरूको बारेमा बौद्धिकरूपमा पोख्त होला तर दुःख, कष्ट र पिडाको सामना गर्नुपर्दा ती ज्ञानहरू दिमागको पछाडि ढकेलिन सक्छ र तिनीहरूको केन्द्रविन्दु तत्काल भोगीरहेका कष्टमा जान सक्छ।

मानव मनिस्थितिको संस्कारमा यस्तो प्रतिक्रिया जुनसुकै मै हुँ भन्ने येशूभक्तमा पनि हुनसक्छ तर त्यसको अर्थ त्यो ठीक छ भनेको होइन तर पिडा भोग्ने परमेश्वरको जनप्रति संवेदनशील हुनुपर्छ। यर्मियाले व्यक्त गरेका मानव पिडा उनको मात्र नभएर हामी सम्पूर्ण मानव जगतको पनि हो।

के तपाईंको जीवनमा कष्ट भोग्दा यर्मियले जस्तै कारुणीक भावनाहरू व्यक्त गर्नुभएको छ? यदि त्यस्तो अनुभवमा तपाईं पर्दा अर्को पल्ट त्यस्तो परिस्थितिको सामना गर्नुपर्दा त्यससँग भिँड्न तपाईंले के सिक्नुभएको छ?

## ५. अगमवक्ताको बिरुद्धमा षडयन्त्र

कसैले भविष्यवाणी बोले भने त्यो परमेश्वरबाट हो वा होइन अर्थात ठीक कि बेठीक भनेर छुट्याउनुपर्ने नीति यर्मिया १८:१-१०मा कसरी खुलाएको छ? हेर्नुहोस् "१ यर्मियाकहाँ आएको परमप्रभुको वचन यही होः २ "तल कुमालेको घरमा जाऊ, र त्यहाँ म तिमीलाई मेरो सन्देश दिनेछु।" ३ यसैले म तल कुमालेको घरमा गएँ। त्यहाँ त्यसले आफ्नो चक्कामा केही बनाइरहेको मैले देखें। ४ तर त्यसले बनाइरहेको माटोको भाँड़ो त्यसका हातमा बिग्रियो, यसकारण कुमालेले आफूलाई मन परेअनुसार अर्को भाँड़ो बनायो। ५ तब परमप्रभुको यो वचन मकहाँ आयोः ६ "हे इस्राएलको घराना, यस कुमालेले गरेझैं के म तिमीलाई पनि गर्न सक्दिनँ र? परमप्रभु भन्नुहुन्छ। "हे इस्राएलको घराना, कुमालेको हातमा माटो भएझैं तिमी पनि मेरो हातमा छौ। ७ यदि कुनै बेला कुनै जाति अथवा कुनै राज्यको विषयमा त्यसलाई उखेलिदिन्छु, तोड़िदिन्छु र सर्वनाश गरिदिन्छु भनी मैले भनेको छु भने, ८ र यदि मैले चेताउनी दिएको जातिले आफ्नो खराबीदेखि पछितो गर्‍यो भने, मैले सोचेको विपत्ति त्यसमाथि ल्याउनदेखि म मेरो मन बद्लनेछु। ९ अनि यदि कुनै जाति अथवा कुनै राज्यको विषयमा म त्यसलाई बनाउनेछु र खड़ा गर्नेछु भनी

कुनै समयमा मैले घोषणा गरेको छु भने,१० र त्यसले मेरो कुरा नसुनेर मेरो दृष्टिमा खराबी गऱ्यो र मेरो आज्ञापालन गरेन भनेदेखि, त्यसलाई असल गर्ने मेरो विचारमाथि फेरि म विचार गर्नेछु।"

**माथिका पदहरूमा के निर्णायक अध्यात्मिक नीतिहरू उल्लेख गरेका छन्?**

मानिसहरू जतिसुकै पतित वा दुष्ट भएतापनि तिनीहरूलाई पश्चाताप गर्ने अवसर परमेश्वरले अझ दिन चाहनुभएको थियो। परमेश्वरले प्रदान गर्नुभएको उहाँको अनुग्रहलाई स्वीकार गर्नेहरूप्रति उहाँको सदाशयता हामी ती पदहरूमा पाउँछौं। ती इस्राएली जनहरूले जतिसुकै पाप गरेतापनि त्यसबाट फरक्क फर्किने अवसर तिनीहरूले पाइरहेका थिए।

कुन् शर्तमा धेरै भविष्यवाणीहरू उच्चारण गरेका थिए भनेर माथिका पदहरूले खुलाएका छनः मानिसहरूको दुष्टताको कारण प्रायजसो तिनीहरूले सजायँ पाउँछन्। तर यदि मानिसहरूले पछुताव गरेर फर्के उहाँले दिन्छु भन्ने सजायँ नदिन सक्छ। यथार्थमा भन्ने हो भने मानिस दुःख पाउने वा नपाउने अवस्था उसकै आत्मनिर्णयमा भरपर्छ भनेर बाइबलले देखाउन खोजेको पाइन्छ। आफूले प्रस्तुत गर्नुभएको शर्तमा परमेश्वर किन बिचलित हुनुहुनेछ र? दुष्ट जीवनबाट पश्चाताप गरेर फर्कन चाहने मानिसहरूलाई चेतावनी दिंदा यदि पछुताव गरेर तिनीहरू परमेश्वरको मार्गमा फेरि फर्के भने के उहाँले फेरि सजायँ दिनुहुन्छ होला र? त्यस अवस्थामा उहाँले तिनीहरूलाई सजायँ दिनुहुन्न। त्यो कबुल माथिका पदहरूले उघारिदिएका छन्।

**परमेश्वरको आवाज भएर यर्मियाले बोल्दा उनको विरुद्धमा मानिसहरूको आक्रमक प्रतिक्रिया कस्तो थियो र तिनीहरूले उनलाई जे गर्न गइरहेका थीए सो ठीकै थियो भनेर तिनीहरूले बिश्वास गर्नुपर्ने कारण के थियो? यर्मियाको कारुणीक मानव**

प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस् यर्मिया १८:१८-२३ "१८ तिनीहरूले भने, "आऔं, हामीहरू यर्मियाको विरुद्धमा षड्यन्त्र रचौं, किनकि न त पूजाहारीले सिकाएको व्यवस्था नष्ट हुनेछ, न बुद्धिमान् पुरुषको सल्लाह, न अगमवक्ताबाट दिइएको वचन हराउनेछ। यसैले आऔं, हामीहरू कुराद्वारा त्यसलाई आक्रमण गरौं, र त्यसको कुनै पनि कुरामा ध्यान नदिऔं।" १९ हे परमप्रभु, मेरा कुरा ध्यानसित सुन्नुहोस्, मलाई दोष लाउनेहरूले के भनिरहेका छन् सुन्नुहोस्! २० के भलाइको सट्टामा खराबी गरिन्छ? तर मेरा विरोधीहरूले मेरो प्राणको लागि एउटा खाड़ल खनेका छन्। तपाईंको क्रोध तिनीहरूदेखि पर हटाउनलाई तिनीहरूका पक्षमा कुरा गर्न म तपाईंको सामुन्ने खड़ा भएँ, सो सम्झनुहोस्। २१ यसैले तिनीहरूका छोराछोरीहरूलाई अनिकालको गाँसमा हालिदिनुहोस्, तिनीहरूलाई तरवारको धारमा सुम्पिदिनुहोस्। तिनीहरूका पत्नीहरू निवंर्श र विधवा होऊन्, तिनीहरूका मानिसहरू मृत्युमा परून्, तिनीहरूका जवानहरू लड़ाइँमा तरवारले मारिऊन्। २२ तपाईंले तिनीहरूमाथि एक्कासि आक्रमण गर्नेहरू ल्याउनुहुँदा तिनीहरूका घरहरूदेखि रुवाबासीको सोर सुनिओस्। किनकि तिनीहरूले मलाई पक्रनका लागि खाड़ल खनेका छन्, र मेरा खुट्टाका लागि पासो लुकाएर थापेका छन्। २३ तर हे परमप्रभु, मलाई मार्न तिनीहरूले गरेका सबै षड्यन्त्र तपाईंलाई जाहेरै छ। तिनीहरूका अपराधहरू क्षमा नगर्नुहोस्, अथवा तिनीहरूका पाप तपाईंको दृष्टिदेखि नहटाउनुहोस्। तपाईंको सामुन्ने तिनीहरू पराजित होऊन्, तपाईंको क्रोधको समयमा तिनीहरूसित उचित व्यवहार गर्नुहोस्।"

"हामी धर्मको रक्षा गर्छौं वा व्यवस्थाका शिक्षा तथा दिक्षाहरूलाई सुरक्षित राख्न चाहन्छौं", "बुद्धिमानहरूका सरसल्लाहलाई हामी कदर गरिनै रहन्छौं" र "अगमवक्ताहरूका वचनहरूलाई सुरक्षित राख्न चाहन्छौं" भनेर धर्मका खोल ओढ्ने

जनसमुदायले यर्मियालाई अपराधी ठहऱ्याएर आक्रमण गर्दा उनको हृदय कस्तो बिचलितमा परेका होलान् सो हामीले बुझ्नु जरुरी छ। मानिसको हृदयले आफूले आफूलाई नै धोका दिने खालको हुन्छ भन्ने ज्वलन्त उदाहरण त्यसमा हामी पाउँछौं।

**परमेश्वरको नाउँमा हामीले जे गर्छौं त्यसप्रति हामी किन एकदम होशियारी हुनुपर्छ?**

## उपसंहारः

**थप जानकारीः** मानिसहरूले आफ्नो दुष्ट काम रोकेर उचित मार्गमा हिंड्न परमेश्वरले गर्नुभएको आह्वान यर्मिया १८:११-१७मा पाउँछौं "११ "यसैकारण अब यहूदाका मानिसहरू र यरूशलेममा बस्नेहरूलाई भन्, "परमप्रभु यही भन्नुहुन्छः हेर, म तिमीहरूका विरुद्धमा सर्वनाश तयार गरिरहेछु, र तिमीहरूका विरुद्धमा एउटा युक्ति रचिरहेछु। यसैले तिमीहरू हरेक आफ्नो-आफ्नो दुष्ट मार्गबाट फर्क, र तिमीहरूका चाल र कामहरू सुधार' । १२ तर तिनीहरूले त यस्तो जवाफ दिनेछन्, "त्यसो गर्नु व्यर्थ छ। हामी त आफ्नै युक्तिअनुसार हिंड्नेछौं, हामी हरेक आफ्नै दुष्ट हृदयको हठअनुसार चल्नेछौं' ।" १३ यसकारण परमप्रभु यसो भन्नुहुन्छः "जाति-जातिहरूकहाँ गएर सोध, यस्तो कुरो कसले सुनेको छ? कुमारी इस्राएलले अति घृणित काम गरेकी छ। १४ के लेबनानको हिउँ कहिले त्यसको पहराको भीरबाट हराउँछ र? के त्यसको टाढ़ा मुहानबाट बगेर आउने चिसो पानी कहिले रोकिन्छ र? १५ तरै पनि मेरो प्रजाले त मलाई बिर्सिसकेको छ, तिनीहरू बेकामका मूर्तिहरूलाई धूप बाल्छन्, जसले तिनीहरूलाई आफ्ना मार्गमा र पुराना बाटाहरूमा ठेस खान लगाएका छन्, र तिनीहरूलाई पक्की सड़कमा होइन तर गोरेटोतिर हिंड़ाएका छन्। १६ तिनीहरूको देश उजाड़ पारिनेछ, र सदासर्वदा गिल्लाको पात्र हुनेछ। त्यसबाट हिंड्ने सबै तर्सनेछन्, र टाउको हल्लाउनेछन्। १७ पूर्वीय

बतासझैं तिनीहरूका शत्रुहरूका सामुन्ने म तिनीहरूलाई तितरबितर पारिदिनेछु। तिनीहरूका सर्वनाशको दिनमा म तिनीहरूलाई मेरो मुख होइन, तर मेरो पीठ फर्काइदिनेछु।" प्रत्येक मानिस आफ्नो आफ्नो पाप र दुष्ट क्रियाकलापबाट फर्केर सुधारिएको जीवन बिताऊ भन्ने परमेश्वरको आह्वानलाई मानिसहरूले सुन्दैनन् र आफ्नै दुष्ट पापी हठीमा हिंड्नेछन् भन्ने कुरो परमेश्वरलाई थाहा थियो। (पद ११,१२)। परमेश्वरका चेतावनीहरूलाई अवज्ञा गरेको कारण तिनीहरूलाई उहाँले के गर्नुहुनेछ भनेर उहाँले आफ्नो निर्णय सुनाउनुभएको थियो। हामीहरूले गर्ने आत्मनिर्णयलाई परमेश्वरले सरासर हस्तक्षेप गर्नुहुन्न र हाम्रै आत्मनिर्णयको कारण हामीहरूको अवस्था के हुनेछ भन्ने कुरो परमेश्वरलाई थाहा भएको हुन्छ भनेर उपरोक्त पद तथा बाइबलमा धेरै ठाउँहरूमा उल्लेख गरिएका छन्। हाम्रो आत्म निर्णय गर्ने स्वतन्त्र वा स्वविवेक प्रयोग गर्ने अधिकार अनुसार नै हामीले नतिजा भोग्नुपर्ने नीतिले गर्दा परमेश्वरलाई हाम्रो दुर्गतीको दोष दिने मनासिव छैन। यदि परमेश्वरको आज्ञा पालन गर्ने स्वतन्त्रता नभएको भए वा भाग्यको खेल भनेर हामीले हात बाँध्नुपरेको भए दुष्ट कामबाट हामीलाई फर्क भन्ने उहाँको जिकिरको अर्थ के हुन्छ र? यदि मानिसहरूलाई परमेश्वरको आज्ञाको पालन गर्ने स्वतन्त्रता नभएको भए उहाँले तिनीहरूलाई सजायँ दिनुको जायजता के छ र? तर एउटा कुरो स्पष्ट छ, मानिसहरूले आफूहरूले गर्ने आत्मनिर्णयको नतिजाहरू के हुनेछ भन्ने कुराचाहीं परमेश्वरलाई ठ्याक्कै थाहा छ। अझ त्यस सन्दर्भमा निर्णायिक सत्य त व्यवस्था ३१:१५-२२मा हामी पाउँछौं "१५ तब परमप्रभु पालमा एउटा बादलको खामोमा देखा पर्नुभयो, र त्यो बादल पालको ढोकामाथि स्थिर भयो। १६ अनि परमप्रभुले मोशालाई भन्नुभयो, "तिम्रा पिता-पुर्खाहरूजस्तै तिमी मर्न लागेको छौ। तिमी मरेपछि तिनीहरू

प्रवेश गर्ने देशमा पुगेर यी मानिसहरूले चाँड़ै विदेशी देवताहरूसँग लागि आत्मिक व्यभिचारझैं गर्नेछन्। मलाई त्यागेर मैले तिनीहरूसँग बाँधेको मेरो करार तिनीहरूले तोड्नेछन्। १७ त्यस दिन मेरो क्रोध तिनीहरूमाथि दन्कनेछ र म तिनीहरूलाई त्याग्नेछु, र आफ्नो मुख तिनीहरूबाट लुकाउनेछु र तिनीहरू नष्ट हुनेछन्। धेरै आपत्विपद्हरू र कठिनाइहरू तिनीहरूमाथि आइपर्नेछन्। तब त्यस दिन तिनीहरूले भन्नेछन्, "हाम्रा परमेश्वर हाम्रा बीचमा नभएर नै हामीमाथि यस्ता विपत्तिहरू आएका होइनन् र? " १८ अन्य देवताहरूतिर लागेर तिनीहरूले गरेका सबै खराबीले गर्दा त्यस दिन म निश्चय नै आफ्नो मुख लुकाउनेछु। १९ "यसकारण अब तिमीहरूले आफ्नै लागि यो भजन लेखेर इस्राएलीहरूलाई सिकाओ र तिनीहरूलाई गाउन लगाओ। तिनीहरूका विरुद्धमा यो भजन मेरो निम्ति एउटा गवाही होस्। २० तिनीहरूका पिता-पुर्खालाई शपथ खाएर दिने प्रतिज्ञा गरेको, दूध र मह बग्ने देशमा मैले तिनीहरूलाई पुऱ्याएपछि, तिनीहरू खाई-पिई मोटाएर अन्य देवताहरूतिर लाग्नेछन् र यिनीहरूलाई पुज्नेछन्, अनि मलाई तिरस्कार गरेर मेरो करार उल्लङ्घन गर्नेछन्। २१ धेरै आपत्-विपत् र कठिनाइहरू तिनीहरूमाथि आएपछि यो भजन तिनीहरूका विरुद्धमा गवाहझैं हुनेछ, किनकि त्यो तिनीहरूका सन्तानहरूले कहिल्यै बिर्सनेछैनन्। तिनीहरूलाई प्रतिज्ञामा दिन्छु भनेको देशमा पुऱ्याउन अघि नै मैले तिनीहरूका मनको अभिप्राय बुझिसकेको छु।" २२ तब मोशाले त्यसै दिन यो भजन लेखेर इस्राएलीहरूलाई सिकाए।" हामीले पाएको स्वविवेकको स्वतन्त्रता अनुसार हामीले निर्णय गर्दा हामीले कस्तो नतिजा हामीले भोग्नेछौं भन्ने परमेश्वरको अग्रिम ज्ञान उपरोक्त पदहरूबाट नै प्रमाणित गरेर देखाइएको छ तर उहाँको ज्ञानले गर्दा हामीहरूको स्वतन्त्रताको अधिकारलाई परमेश्वरले कुल्चुनुभयो भन्ने हुँदैन।

**चिन्तनमनन:**

अ. **कतिपय मानिसहरूले भन्दछन्, "यी कामहरू म गर्दैछु किनभने परमेश्वरले मलाई अऱ्हाउनुभयो।"** यस्तो भन्ने प्रवृत्ति कस्को नहोला र? परमेश्वरले अगुवाई गर्नहुन्छ भन्ने कुरा हामीलाई यकिन भएतापनि मानिसहरूले व्यक्तिगरेका त्यस खालको भावना ठीक छ कि छैन भनेर हामीले कसरी जोख्ने?

आ. यर्मियाले भने "परमेश्वरको वचन मेरा हाडहरूमा आगो जस्तै दनदन बलिरहेको छ।" त्यस खालको परमेश्वरको प्रज्वलित ज्वाला हामीहरूमा कसरी जलाइरहने?

इ. हामीहरूको जीवनमा पुनर्जागरण र सुधार ल्याउन हामीहरूले के के गर्नुपर्छ भनेर यस अध्यायमा उल्लेखित कुन् कुन् पदहरूले हामीलाई सिकाउँदछ? पुनर्जागरणको निम्ति हामीहरूले हामीहरूको पापको बारेमा पहिचान गर्नु किन जरुरी छ? क्रुस र त्यसले प्रदान गरेको आशा नै हामीहरूको पुनजागरणको केन्द्रविन्दु किन हुनुपर्छ?